# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४३) काठमाडौं, जेठ ३२ गते २०५० साल (संख्या ६

## भाग ३

श्री ५ को सरकार

### शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्रालयको सूचना

प्राचीन स्मारक संरक्षण (पहिलो संशोधन) नियमावली, २०४९

प्राचीन स्मारक संरक्षण नियमावली, २०४६ लाई संशोधन गर्न वान्छनीय भएकोले, प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः

१.१ यी नियमहरूको नाम "प्राचीन स्मारक संरक्षण (पहिलो संशोधन) नियमावली, २०४९" रहेको छ ।

१.२. यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. प्राचीन स्मारक संरक्षण नियमावली, २०४६ को नियम ३.१ मा संशोधनः प्राचीन स्मारक संरक्षण नियमावली, २०४६ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ३.१ को –

(१) उपनियम ३.१.१.२ को सट्टा देहायको उपनियम ३.१.१.२ राखिएको छः–

"३.१.१.२. सम्बन्धित गाउँ विकास समितिको अध्यक्ष वा नगरपालिकाको प्रमुख – सदस्य"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९६.४

(२) उपनियम ३.१.१.४ मा रहेको "इन्जिनियर, सार्वजनिक निर्माण शाखा" भन्ने शब्दहरूको सट्टा "भवन र आवास तथा शहरी विकास शाखाको इन्जिनियर" भन्ने शब्दहरू राखिएका छन् ।

३. मूल नियमावलीमा नियम ४.५ र ४.६ थपः मूल नियमावलीको नियम ४.४ पछि देहायका नियम ४.५ र ४.६ थपिएका छन्ः

"४.५ प्राचीन स्मारकको मर्मत तथा जीर्णोद्धारः

४.५.१. प्राचीन स्मारकको मर्मत तथा जीर्णोद्धार गर्दा स्मारकको मौलिकता, संवदनशिलता, राष्ट्रिय कला र संस्कृतिको संरक्षण गरी अनुसन्धानमूलक ढंगबाट स्मारकको मर्मत तथा जीर्णोद्धार गर्नु गराउनु पर्नेछ ।

४.५.२. आर्थिक प्रशासन सम्बन्धी नियमहरू, २०४२ अनुसार बोलपत्र प्रथाद्वारा प्राचीन स्मारकको मर्मत तथा जीर्णोद्धार कार्य गर्दा, गराउँदा उपनियम ४.५.१ को मनसाय अनुरूप गर्न नसकिने वा स्मारक नै नष्ट हुने वा बिग्रीन सक्ने सम्भावना देखिएमा त्यस्ता कामहरू प्राचीन स्मारक सम्बन्धी अनुभव भएका व्यक्ति वा फर्महरू मध्येबाट विभागले दर भाउ पत्र (कोटेशन) वा अमानतबाट गर्न गराउन सक्नेछ ।

४.५.३. उपनियम ४.५.२ बमोजिम मर्मत तथा जीर्णोद्धार कार्य गर्दा गराउँदा विभागले दरभाउ पत्र (कोटेशन) वा अमानतबाट गर्न गराउन गोरखापत्रमा सूचना प्रकाशित गरी प्राचीन स्मारक सम्बन्धी अनुभव भएका व्यक्ति वा फर्महरूबाट दरखास्त आव्हान गरी प्राप्त हुन आएका दरखास्तवाला व्यक्ति वा फर्मलाई प्रि-क्वालिफिकेशन (पूर्व योग्यता) गर्ने काम उपनियम ४.६.१ बमोजिमको मर्मत तथा जीर्णोद्धार प्रकृया निर्धारण समितिले गर्नेछ ।

४.६. मर्मत तथा जीर्णोद्धार प्रकृया निर्धारण समितिः

४.६.१ नियम ४.५ बमोजिम प्राचीन स्मारकको मर्मत तथा जीर्णोद्धार कार्य गर्नको लागि श्री ५ को सरकारले देहायबमोजिम मर्मत तथा जिर्णोद्धार प्रकृया निर्धारण समिति गठन गर्नेछः—



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१६६२

४.६.१.१. महानिर्देशक, पुरातत्व विभाग – संयोजक

४.६.१.२. प्रतिनिधि, आर्किटेक्ट (रा.प. द्वितीय श्रेणी), भवन विभाग – सदस्य

४.६.१.३. डिभिजनल इन्जिनियर, पुरातत्व विभाग – सदस्य

४.६.१.४. प्रतिनिधि, (अधिकृतस्तर) महालेखा नियन्त्रक कार्यालय – सदस्य

४.६.१.५. प्रतिनिधि, (अधिकृतस्तर) शिक्षा तथा संस्कृत मन्त्रालय – सदस्य

४.६.१.६. प्रमुख, पुरातात्विक स्थल संरक्षण तथा जीर्णोद्धार शाखा, पुरातत्व विभाग – सदस्य सचिव

४.६.२. मर्मत तथा जीर्णोद्धार प्रकृया निर्धारण समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले व्यवस्थित गर्न सक्नेछ ।"

४. मूल नियमावलीको अनुसूची ३ मा संशोधनः मूल नियमावलीको अनुसूची ३ को तालिकाको पाँचौं महलमा रहेको "पञ्चायत" भन्ने शब्दको सट्टा "ग्रामीण क्षेत्र/नगर क्षेत्र" भन्ने शब्दहरू राखिएका छन् ।

५. मूल नियमावलीको अनुसूची ४ मा संशोधनः मूल नियमावलीको अनुसूची ४ को तालिकाको पाँचौ महलमा रहेको "पञ्चायत" भन्ने शब्दको सट्टा "ग्रामीण क्षेत्र । नगर क्षेत्र" भन्ने शब्दहरू राखिएका छन् ।

आज्ञाले,
ईश्वरप्रसाद उपाध्याय
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१६०८०

# भाग ४

## श्री ५ को सरकार
## मन्त्रिपरिषद् सचिवालयको
### सूचना १

उद्योग मन्त्रालयका का.मु. सचिव श्री पुण्यप्रसाद दाहाल मलेशियाको राजधानी क्वालालम्पुरमा सम्पन्न हुने एशियाली उत्पादकत्व संगठन (एपिग्रो) को ३५ औं गभर्निङ्ग बैठकमा भाग लिन त्यसतर्फ जानु हुने भएको हुँदा उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री विमलप्रसाद कोइरालालाई मिति २०५०।२।२४ गतेदेखि कायम मुकायम मुकरर गरेको छ।

### सूचना २

स्वास्थ्य मन्त्रालयका का.मु. सचिव श्री जगदीश्वर उपाध्याय बर्लिनमा हुने विश्व एड्स सम्मेलनमा भाग लिन त्यसतर्फ जानु हुने भएको हुँदा उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री युवराज शर्मालाई मिति २०५०।२।२४ गतेदेखि कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले,
बलरामसिंह मल्ल
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९६८